**नेपालगञ्ज उपमहानगरपालिका**

**स्थानीय राजपत्र**

**खण्ड ८) नेपालगञ्ज , पौष ५ गते, २०८२ साल (संख्या ४**

**भाग - १**

**नेपालगञ्ज उपमहानगरपालिका**

**संवत् २०८२ सालको ऐन नं. ४**

# नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक-निजी साझेदारी (कार्यविधि सम्बन्धी) ऐन, २०८२

**प्रस्तावना** :

सार्वजनिक-निजी साझेदारीको माध्यमबाट निजी क्षेत्रको आर्थिक, प्राविधिक तथा मानव संसाधनको अधिकतम उपयोग गरी नेपालगञ्ज उपमहानगरपालिकाको पूर्वाधार संरचनाको निर्माण, सञ्चालन, व्यवस्थापनमा स्थानीय तथा आन्तरिक स्रोत साधनको अधिकतम उपयोग मार्फत रोजगारीको अवसर सृजना गरी गरिबी निवारणमा सहयोग पुर्याउँदै मुलुकको वृहत सामाजिक तथा आर्थिक विकासमा समेत टेवा पुर्याउन तथा सर्वसाधारणलाई भरपर्दो किफायती र सर्वसूलभ रूपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक-निजी साझेदारी (कार्यविधि सम्बन्धी) ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपालगञ्ज उपमहानगरपालिका भर लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) **"अनुमति पत्र"** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३१ बमोजिम दिएको अनुमति पत्र सम्झनु पर्छ ।

(ख) **"अनुमति पत्र प्राप्त व्यक्ति"** भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) **"परियोजना"** भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धित परियोजना सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"निजी क्षेत्र"** भन्नाले सार्वजनिक-निजी साझेदारी अन्तर्गत परियोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको क्षेत्र सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक संस्था वा गैर सरकारी संस्था सम्झनु पर्छ ।

(च) **"निर्माण"** भन्नाले पूर्वाधार संरचनाको निर्माण विकास वा पुनर्स्थापनाको कार्य सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) **"पुनर्स्थापना"** भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(झ) **"पूर्वाधार संरचना"** भन्नाले स्थानीय स्तरका विकास परियोजनाहरू स्थानीय सडक, ग्रामीण सडक, पुल, आकाशे पुल, अस्पताल, नहर, वैकल्पिक ऊर्जा, ट्रली बस, नगर बस, मेट्रो सेवा, संरचना, पोड वे, ट्राम वे, प्रदर्शनी स्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोरमैला व्यवस्थापन तथा प्रसोधन प्लान्ट, कृषि, पशु बधशाला, वन, सिंचाई तथा होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार, रंगशाला, सार्वजनिक सभागृह, बहुउद्देशीय भवन, सार्वजनिक गोदाम घर सम्झनु पर्छ, सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ञ) **"लेखाजोखा समिति"** भन्नाले दफा १० को उपदफा (१) बमोजिम हुने परियोजना लेखाजोखा समिति सम्झनु पर्छ ।

(ट) **"सम्झौता"** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २७ बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ठ) **"सर्वेक्षण"** भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ । सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिंग डिजाईन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउने छ ।

(ड) **"इकाई"** भन्नाले दफा ९ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक-निजी साझेदारी इकाई सम्झनु पर्छ ।

(ढ) **"समिति"** भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको सार्वजनिक-निजी साझेदारी समिति सम्झनु पर्छ ।

(ण) **"सार्वजनिक-निजी साझेदारी"** भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रूपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय वा निजी निकाय बीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(त) **"स्थानीय सरकार"** भन्नाले नेपालगञ्ज उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(थ) **"शुल्क"** भन्नाले अनुमति पत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ ।

(द) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## सार्वजनिक-निजी साझेदारीको ढाँचा

**३. सार्वजनिक-निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने :**

(१) पूर्वाधार संरचना निर्माण सम्बन्धी कुनै परियोजना समेत सार्वजनिक-निजी साझेदारीमा यस ऐन बमोजिम कार्य गर्न सकिनेछ ।

(२) सार्वजनिक-निजी साझेदारी परियोजनामा देहायका विशेषताहरू मध्ये अधिकांश विशेषताहरू संमिश्रण भएको हुनु पर्नेछ ।

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकाय पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन वा मर्मत गर्ने गरी परियोजनाको व्यवस्थापन गर्ने सम्झौता भएको,

(ग) निजी निकायका पूर्वनिर्धारित मापन योग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानी भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रूपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) परियोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

**४. सार्वजनिक -निजी साझेदारीका ढाँचाहरू :**

(१) यस ऐनको दफा ३ को अधीनमा रही सार्वजनिक-निजी साझेदारीका ढाँचाहरू देहाय बमोजिम हुन सक्नेछ ।

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार ।

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण स्वामित्वकरण, सञ्चालन, हस्तान्तरण सम्बन्धी करार ।

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लेखित करारका अन्य रूपहरू ।

**५. <u>सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने परियोजना</u> :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजना सार्वजनिक-निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन ।

(क) परियोजना सम्बन्धी वित्तीय प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरि निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ।

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने ।

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने ।

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, दातव्य, चन्दा वा उपहार प्राप्त हुने ।

(ङ) देशको सुरक्षासँग सम्बन्धित प्रावधानहरू समावेश हुने परियोजना ।

(च) स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरिएको परियोजनाहरू ।

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने परियोजनाहरू ।

**६. <u>सार्वजनिक-निजी साझेदारी परियोजना छनौटका आधारहरु</u> :**

(१) सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय देहायका मुख्य आधारहरूमा गरिनेछ ।

(क) स्थानीय सरकारले छनौट गरिएका परियोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको ।

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरका गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको ।

(ग) परियोजना आर्थिक, सामाजिक र पर्यावरणीय रूपमा सम्भाव्य भए वा नभएको ।

(घ) स्थानीय सरकार र निजी निकाय विच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक-निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरूलाई ध्यान दिनु पर्नेछ ।

(क) परियोजनाको उद्देश्य पुरा हुने उपयुक्त स्वरूप भएको ।

(ख) परियोजनाको लागि निजी क्षेत्रको साधन स्रोत उपलब्ध भएको ।

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन वा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको ।

(घ) सम्भावित लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको ।

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरूप निर्धारण भएको ।

(ज) उपमहानगरपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको ।

(झ) परियोजना सम्झौताको अवधि उल्लेख भएको ।

(ञ) जटिल प्रकृतिका सार्वजनिक-निजी साझेदारी सम्झौताहरू कार्यान्वयन गर्न सक्ने मानव संसाधनको उपलब्धता भएको ।

## परिच्छेद-३

## संस्थागत संरचना

**७. नगर कार्यपालिका :**

(१) देहायमा उल्लेख गरिएका परियोजनाको लागि सम्भाव्यता अध्ययन अनुसार परियोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछ ।

(क) पाँच करोड रुपैयाँ वा सो भन्दा बढि अनुमानित परियोजना लागत भएको ।

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको ।

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा संघीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने परियोजनाहरू ।

तर उपयुक्त बमोजिमको परियोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा परियोजना सम्झौता गर्ने कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

(२) नगर कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) सार्वजनिक-निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरूमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजनाहरूको पहिचान गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीका लागि लगानीका क्षेत्रहरू पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक-निजी साझेदारीका परियोजनाहरूको सम्भाव्यता अध्ययन गरी खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने, र

(ङ.) सार्वजनिक-निजी साझेदारीमा संचालित परियोजनाको कार्यान्वयनमा सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

८. **<u>समिति</u>** :

(१) पूर्वाधार विकास निर्माण लगायतका यस ऐनमा उल्लेखित सार्वजनिक परियोजनामा सार्वजनिक-निजी साझेदारी तथा निजी लगानी परिचालन गरी लगानी प्रवर्द्धन गर्न नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको सार्वजनिक-निजी साझेदारी समिति रहनेछ ।

| | | | |
|---|---|---|---|
| क. | नगर प्रमुख | - | अध्यक्ष |
| ख. | उप-प्रमुख | - | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| घ. | सम्बन्धित वडाको वडा अध्यक्ष | - | सदस्य |
| ङ. | पूर्वाधार समितिको संयोजक | - | सदस्य |
| च. | अध्यक्षले मनोनीत गरेको एक जना कार्यपालिकाका महिला सदस्यहरू मध्येबाट | - | सदस्य |
| छ. | आवश्यकता अनुसार विषयगत क्षेत्रको विभागीय र महाशाखा प्रमुख | - | सदस्य |
| ज. | निजी क्षेत्रको जिल्ला स्थित छाता संगठनहरू मध्ये अध्यक्षले एक वर्षका लागि मनोनीत गरेको एकजना - | - | सदस्य |
| झ. | नगर प्रमुखले तोकेको कम्तीमा अधिकृत तहको कर्मचारी मध्ये एक जना | - | सदस्य सचिव |

**द्रष्टव्यः** समितिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(२) दफा ७ को उपदफा (१) मा उल्लेखित परियोजनाहरू बाहेक अन्य परियोजनाको हकमा यस्तो परियोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा परियोजना सम्झौताको स्वीकृति लिने अख्तियारी समितिमा रहनेछ ।

(३) समितिको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **<u>इकाई</u>** :

(१) परियोजना तयारी विकास, प्रस्ताव मूल्यांकन, छनौट, वार्ता, सम्झौता, हस्तान्तरण, कार्यान्वयन तथा अनुगमनका लागि समितिले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध महाशाखा, विभागका विभागीय प्रमुख तथा अधिकृतहरू रहने गरी सार्वजनिक-निजी साझेदारी इकाईको गठन गर्नेछ ।

(२) सार्वजनिक-निजी साझेदारी इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) कुनै परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने ।

(ख) परियोजनाको प्राविधिक मूल्यांकन गर्ने ।

(ग) परियोजनाको सम्भाव्यता अध्ययन गर्ने गराउने ।

(घ) परियोजनाको उपयुक्तताको लेखाजोखाका लागि परियोजना लेखाजोखा समितिमा पेश गर्ने ।

(ङ) परियोजना कार्यान्वयनका लागि आवश्यक लिखित कागजातहरू तयार गर्ने ।

(च) प्रस्ताव आह्वान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने ।

(छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने, परियोजना सम्झौता गर्ने ।

(ज) परियोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने ।

(झ) परियोजना कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ञ) तोकिए बमोजिम अन्य कार्यहरू गर्ने ।

१०. **<u>लेखाजोखा समिति</u>** :

(१) यस ऐन बमोजिम परियोजना कार्यान्वयनका लागि कार्यालयले परियोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ रहने गरी बढीमा तिन सदस्य रहेको एक लेखाजोखा समिति गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका परियोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले परियोजनाको खरिद सम्बन्धी कागजात मस्यौदा परियोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले परियोजनाको उपयुक्तताको लेखाजोखा गर्दा दफा ६ मा उल्लेखित आधारहरूलाई समेत विश्लेषण गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम परियोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी प्रतिवेदन समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै परियोजनाहरूको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नु पर्नेछ ।

(६) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक-निजी साझेदारी सम्बन्धी कानूनले परियोजना लागत वा परियोजनाको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट परियोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो परियोजनाको लेखाजोखा सो कानून बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक र सो सम्बन्धी कार्यविधि सार्वजनिक-निजी साझेदारी इकाईले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## परियोजनाको पहिचान र स्वीकृति सम्बन्धी व्यवस्था

**११. परियोजना पहिचान गर्ने :**

(१) समितिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक गराई राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा समितिले सम्भाव्यता अध्ययन भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

**१२. <u>प्राथमिकता निर्धारण गर्ने</u> :**

(१) समितिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ ।

(क) सडक, पुल जस्ता संरचनाको भौतिक पूर्वाधार निर्माण ,

(ख) वैकल्पिक ऊर्जा विकास परियोजना,

(ग) सहरी पिउने पानी,

(घ) ढल निकास, फोहोरमैला व्यवस्थापन र सरसफाइ,

(ङ) मनोरञ्जन पार्क निर्माण, व्यवस्थापन एवं सञ्चालन,

(च) रोजगारी सृजनाका परियोजनाहरू,

(छ) व्यवसायिक गोदाम, भवन, मल आदि,

(ज) कृषि परियोजना, कृषि नहर, जलाशय, बाँध, वन आदि,

(झ) ट्रलीबस, नगर बस, मेट्रो सेवा, संरचना, ट्राम वे, पोड वे, प्रदर्शनी स्थल आदि ।

**१३. <u>परियोजना स्वीकृत गराउनु पर्ने</u> :**

(१) समितिले दफा ७ को उपदफा (१) मा उल्लेखित परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमका विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा उक्त परियोजना कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) कुनै परियोजना एकभन्दा बढि तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा वढी तरिका उल्लेख गरी स्वीकृत गराउनु पर्नेछ।

(४) दफा ७ को उपदफा (१) मा उल्लेखित परियोजनाहरू बाहेक अन्य परियोजना समिति आफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ।

(५) यस दफा बमोजिम स्वीकृत भएका परियोजनाहरू उपमहानगरपालिकाको बजेट तथा कार्यक्रममा समावेश गरिनेछ।

## परिच्छेद-५

## परियोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**१४. खरिद प्रक्रियाका चरणहरू :**

(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका परियोजनाहरूको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछ ।

(क) योग्यताका लागि मनसायपत्र आह्वान गर्ने ,

(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरूको संक्षिप्त सूची तयार गर्ने,

(ग) प्रस्ताव माग गर्ने ,

(घ) प्रस्तावको मूल्यांकन गरी योग्य प्रस्तावकको छनौट गर्ने ,

(ङ) प्रस्ताव स्वीकृत गर्ने ,

(च) छनौट भएका प्रस्तावकसँग परियोजना सम्झौता गर्ने ,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पचास लाख रुपैयाँ भन्दा कम अनुमानित परियोजना लागत भएका परियोजनाहरूको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्ताव सम्बन्धी विवरणहरू छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

**१५. मनसायपत्र आह्वान गर्न सक्ने :**

(१) इकाईले दफा १४ बमोजिम स्वीकृत परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका विषयहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधि भित्र सार्वजनिक-निजी साझेदारी इकाई समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

**१६. संक्षिप्त सूची तयार गर्ने :**

इकाइले मनसायपत्र प्राप्त भएको मितिले ३० दिन भित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरू छनौट गरी सो को संक्षिप्त सूची तयार गर्नेछ ।

**१७. प्रस्ताव आह्वान गर्न सक्ने :**

(१) इकाईले दफा १६ बमोजिम संक्षिप्त सूचि तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरू खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधि भित्र इकाई समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

**१८. सोझै प्रस्ताव आह्वान गर्न सक्ने :**

यस ऐनको दफा १५ मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सम्भाव्यता अध्ययन भइसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको परियोजना भए इकाईले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

**१९. प्रस्तावको मूल्यांकन गर्ने :**

प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न इकाईले एउटा छुट्टै प्रस्ताव मूल्यांकन समिति गठन गर्नेछ ।

(१) प्रस्ताव मूल्यांकन समितिले देहायका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण प्रस्तावहरूको मूल्यांकन गर्नु पर्नेछ ।

(क) प्रस्तावको आर्थिक हैसियत,

(ख) प्रस्तावको प्राविधिक क्षमता,

(ग) परियोजनाको प्रकृति अनुसार नेपाल सरकार तथा स्थानीय सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(घ) प्रस्तावित सेवाको स्तर,

(ङ) नविनत वा उन्नत प्रविधिको प्रयोग,

(च) तोकिए बमोजिमको अन्य विवरण,

(२) मूल्यांकन समितिले मूल्यांकन सम्पन्न गरी सो को प्रतिवेदन इकाई समक्ष पेश गर्नेछ ।

२०. <u>प्रस्ताव छनौट गर्ने</u> :

(१) इकाईले दफा २१ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिन भित्र प्रस्ताव छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि इकाईले सो को जानकारी छिटो साधनद्वारा छनौट भएको जानकारी प्रस्तावकलाई दिनु पर्नेछ ।

२१. <u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने</u> :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ ।

(क) यस ऐन बमोजिम कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) स्थानीय सामुदायिक संघ संस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित परियोजना लागत भएको ।

(२) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको विवरणहरू खुलाई समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले निवेदकसँग वार्ता गरि कार्यान्वयन गराउनेछ । तर दफा ७ को उपदफा (१) मा उल्लेखित परियोजनाहरू वा दफा २१

को उपदफा (१) को खण्ड (ख) र (ग) का परियोजनाहरू भए समितिले यस्ता परियोजनाहरू कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृत प्राप्त गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा समितिले निवेदकसँग दफा २६ बमोजिम विवरण माग गर्न सक्नेछ ।

२२. **समझदारीपत्र गर्न सक्ने** :

यस ऐनको दफा २० बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ बमोजिम माग गरिएको विवरणको आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारी पत्र सम्पन्न गर्न सक्नेछ । तर परियोजनाको प्रकृति हेरी इकाईले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

२३. **परियोजना विवरण पेश गर्नुपर्ने** :

१) यस ऐनको दफा २२ बमोजिम समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजनामा सम्झौता उल्लेखित समयावधि र समझदारी पत्र प्रारम्भिक परियोजना सम्झौता नगरेमा परियोजनाको प्रकृति हेरी २७० दिनमा नबढ्ने गरी इकाईले तोकिएको समयावधि भित्र परियोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरू इकाई समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रस्तावकले यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयाअवधि भित्र थपको लागि इकाई समक्ष निवेदन दिएमा इकाईले वढिमा ९० दिनको समय अवधि थप गरिदिन सक्नेछ ।

२४. **रद्द गर्न सक्ने** :

(१) यस ऐनको दफा २३ बमोजिमको समयावधि भित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा इकाईले सोको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेको भए निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना पत्र वा प्रस्ताव रद्द भएमा प्रस्तावकले इकाईसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

२५. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने** :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले वेहोर्नु पर्नेछ ।

२६. **सोझै प्राप्त भएको प्रस्ताव मार्फत परियोजना कार्यान्वयन गर्न सकिने** :

(१) समितिले निजी निकायबाट सोझै प्राप्त भएका प्रस्तावकलाई ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव देहायको अवस्थामा स्वीकार गर्न सकिनेछ ।

(क) प्रतिस्पर्धात्मक प्रक्रियाबाट प्रस्तावदाता छनौट हुन नसकेको परियोजना,

(ख) परियोजनालाई कुनै व्यक्तिको स्वामित्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएमा सो परियोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदाताहरूसँग मात्र यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा वा,

(ग) स्थानीय समुदायको स्थानीय आवश्यकताहरूलाई पूर्ति गर्नका लागि स्थानीय सामुदायिक संस्थाबाट प्राप्त भएको प्रस्तावहरू वा,

(घ) कार्यपालिकाले परियोजना रणनीतिक महत्त्वको छ भनी स्वीकार गरेमा ।

(३) समितिले उपदफा (१) बमोजिम सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ । तर उपदफा (२) को खण्ड (क) बमोजिमको अवस्था भएमा पुनः सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

(४) उपदफा (३) बमोजिम सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो परियोजनाबाट सार्वजनिक हित हुने देखिएमा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले परियोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमा लेखाजोखा समितिले उक्त परियोजनाको उपयुक्तताको लेखाजोखा गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरे पश्चात् समितिले उक्त परियोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम प्रस्ताव आह्वान गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

(८) उपदफा (६) बमोजिम प्राप्त भएका प्रस्तवकहरूको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शरतहरूसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मन्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी परियोजना कार्यान्वयन गरिनेछ ।

(९) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौट योग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मन्जुर नगरेमा प्रस्तावकलाई उक्त परियोजना कार्यान्वयन गर्न दिइनेछैन ।

(१०) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तथा छनौट योग्य प्रस्तावक हुन नसकेको र छनौट योग्य प्रस्तावकले गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए यस्तो अवस्थामा छनौट योग्य प्रस्तावदाताले प्रस्ताव आह्वानको

लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च बापतको रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाइ भुक्तानी गर्नु पर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले परियोजना कार्यान्वयन गर्न पाएमा निजले छनौट योग्य प्रस्तावकलाई प्रस्ताव आह्वानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च बापतको रकम भुक्तानी गर्नु पर्नेछ ।

(१२) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एकजना मात्र सो प्रस्तावमा सहभागी भएमा प्रस्ताव आह्वानको लिखतमा उल्लेखित शर्तहरूको आधारमा उक्त प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(१३) उपदफा (३) मा उल्लेखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाको सम्भाव्यता अध्ययन गर्दा लागेको पूर्व निर्धारित खर्च भुक्तानी गर्नेछ ।

(१४) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) बमोजिमको परियोजनाको अनुमानित लागत दश लाख रुपैयाँ भन्दा बढी नभएमा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामुदायिक संस्थालाई त्यस्तो परियोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

२७. <u>सम्झौता गर्ने</u> :

(१) यस ऐनको दफा २१ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) प्रस्तावकले यस ऐनको दफा २४ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नु पर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

२८. <u>सम्झौतामा खुलाउनु पर्ने कुराहरु</u> :

सम्झौतामा देहायका कुराहरू खुलाउनु पर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) योजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँट र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्य सम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड,

(झ) परियोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) परियोजना लिजमा दिएको भए सो को विवरण र लिजका शर्तहरु,

(ट) परियोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) उपमहानगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उल्लङ्घन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने व्यवस्था,

(थ) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(ध) कानूनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(न) लागू हुने कानून, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) परियोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत स्थानीय सरकारको स्वीकृति प्राप्त गर्ने,

(ब) अन्य आवश्यक कुराहरू।

२९. <u>कार्यसम्पादन जमानत सम्बन्धी व्यवस्था</u> :

प्रस्तावकले कार्यसम्पादन जमानत बापत परियोजनाको कुल लागतको शून्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी परियोजनाको वित्तीय समापन सम्पन्न नभए सम्मको अवधिका लागि इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

३०. <u>रीत पुगेको मानिने</u> :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई दफा ३१ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्याई जारी भएको मानिनेछ,

## परिच्छेद-६

## <u>अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

३१. <u>अनुमतिपत्र प्रदान गरिने</u> :

यस ऐनको दफा २७ बमोजिम सम्झौता गरेपछि इकाईले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३२. <u>अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने</u> :

परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिइ सकेपछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइनेछैन ।

३३. <u>अनुमतिपत्रको अवधि</u> :

(१) अनुमतिपत्रको अवधि बढीमा चालीस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए पनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिब देखिएमा कार्यपालिकाले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप्न सक्नेछ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३४. <u>अनुमतिपत्र रद्द गर्न सक्ने</u> :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले समितिसँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

३५. <u>रोयल्टी बुझाउनु पर्ने</u> :

रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा उल्लेख भएको शर्त बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित तरिकाबाट नेपालगञ्ज उपमहानगरपालिकालाई बुझाउनु पर्नेछ ।

३६. <u>परियोजना हस्तान्तरण गर्नु पर्ने</u> :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण गर्ने मितिले कम्तीमा एक वर्ष अगाडि देखि इकाईको सुपरिवेक्षणमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत सम्भार गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि इकाईले प्रतिनिधिहरू खटाई पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

**३७. <u>उपमहानगरपालिकाको स्वामित्व हुने</u> :**

यस ऐनको दफा ३६ बमोजिम हस्तान्तरण भएको परियोजना र सो सँग सम्बन्धित घर, जग्गा तथा उपकरणको स्वामित्व नेपालगञ्ज उपमहानगरपालिकाको हुनेछ ।

## परिच्छेद-७

## लगानी सम्बन्धी व्यवस्था

**३८. अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :**

(१) सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिंदा समितिको स्वीकृति लिनु पर्नेछ । तर उपमहानगरपालिकाले उपलब्ध गराएको घर, जग्गा वा अन्य सम्पत्ति धितोमा राख्न पाइने छैन ।

**३९. नेपालगञ्ज उपमहानगरपालिकाले संयुक्त लगानी गर्न सक्ने :**

(१) उपदफा (२) मा उल्लेखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा नेपालगञ्ज उपमहानगरपालिकाले पच्चीस प्रतिशतमा नबढ्ने गरी परियोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरू विद्यमान भएमा मात्र नेपालगञ्ज उपमहानगरपालिकाले परियोजनामा शेयर पूँजी लगानी गर्नेछ,

(क) परियोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

(ख) परियोजनाको निर्माण तथा सञ्चालनमा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) परियोजनाको उचित अनुगमनका लागि संयुक्त लगानी आवश्यक हुने भएमा ।

(३) उपदफा (१) बमोजिमको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले उपमहानगरपालिकाको हिस्सा लीन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ ।

४०. <u>अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने</u> :

(१) परियोजना सम्झौताका शर्तका अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेमा त्यस्तो सम्झौता भएको पन्ध्र दिन भित्र सो सम्झौताको प्रतिलिपि इकाई समक्ष पेश गर्नु पर्नेछ ।

४१. <u>भुक्तानी सम्झौता गर्न सक्ने</u> :

अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा ४४ बमोजिमको शुल्क नउठाई अन्य रूपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २८ बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रूपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

४२. <u>सम्भाव्यता न्यून परिपूर्ति कोष</u> :

(१) नेपालगञ्ज उपमहानगरपालिकाले सम्भाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको कानून बमोजिमको स्थानीय स्तरमा कार्यान्वयन हुने परियोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम परियोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

(३) सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

४३. **स्थानीयकरण नगरिने** :

अनुमतिपत्रको अवधिभरि कुनै पनि परियोजना र सो सँग सम्बन्धित जग्गा, उपकरण तथा संरचना स्थानीयकरण गरिने छैन ।

४४. **शुल्क उठाउन पाउने** :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले निर्माण वा सञ्चालन गरेको परियोजनाबाट सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन पाउने छ ।

(२) परियोजना सम्झौतामा उपदफा (१) बमोजिमको शुल्क सम्झौतामा उल्लेख भए बमोजिम उपमहानगरपालिकाको सहमति बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने व्यवस्था राख्न सकिनेछ ।

४५. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने** :

(१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कल कारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्सा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रिम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेमा कुनै छेकबार, पर्खाल, गोदाम, घर तथा टहरो, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितमा प्रवेश गर्नु पर्नेछ ।

४६. <u>घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने</u> :

(१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले इकाई समक्ष निवेदन दिएमा त्यसरी दिएको निवेदनका व्यहोरा मनासिब देखिएमा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रूपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र इकाई समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर ९० दिन भित्र समितिले निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

४७. <u>घर जग्गा प्राप्त गरिदिने</u> :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रूपमा व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रूपमा व्यवस्था गर्न नसकेमा वा सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने भनि उल्लेख गरेमा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा समितिले कार्यपालिका लगायत नेपाल सरकारको स्वीकृति लिनुपर्ने भएमा स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

४८. <u>परियोजनाको सुरक्षा गर्न सक्ने</u> :

(१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि इकाई समक्ष अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न इकाईले परियोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४९. <u>सहयोग उपलब्ध गराउनु पर्ने</u> :

(१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिेखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

५०. <u>विदेशी विनिमयको सुविधा</u> :

परियोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराउन सहजीकरण गरीनेछ ।

५१. <u>विस्फोटक पदार्थको प्रयोग</u> :

परियोजना कार्यान्वयनको लागि विस्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघीय कानूनको अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विस्फोटक पदार्थको प्रयोग गर्ने अनुमतिपत्र उपलब्ध गराई दिन सहजीकरण गरिनेछ ।

५२. <u>कानून बमोजिमको सुविधा पाउने</u> :

यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

५३. <u>सेवा सुविधाको शर्त तोक्न सक्ने</u> :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-९

## <u>विवाद समाधान सम्बन्धी व्यवस्था</u>

५४. <u>छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधान</u> :

(१) कार्यपालिका वा समितिले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारी प्रबन्ध अन्तर्गत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो निर्णय वा पुनरावलोकनका लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने निवेदन सम्झौता हुनुभन्दा अघिको कारवाहीका सम्बन्धमा सीमित हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिने निवेदन दिँदा समितिले प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको सात दिनभित्र निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबीन गर्दा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि देखिए वा समितिले पालना गर्नुपर्ने कर्तव्य पालना गरेको नदेखिए वा त्यस्तो निर्णय कानून विपरीत देखिएमा समितिको प्रमुखले त्यस्तो कारवाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही कसरी अगाडी बढाउने भन्ने कुरा समेत उल्लेख हुनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैँतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५५. सम्झौता अन्तर्गतको विवादको समाधान :**

(१) परियोजना सम्झौता प्रचलित नेपाल कानून लागू हुनेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा समिति र अनुमतिपत्र प्राप्त व्यक्ति बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद सम्बन्धित पक्षहरूबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(४) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(५) विशेष प्रकृतिका परियोजनाहरुका हकमा लागू हुने कानून र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**५६. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :**

(१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति नेपालगञ्ज उपमहानगरपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी कार्यपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद-१०

## विविध

**५७. गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत परियोजना कार्यान्वयन गर्न सकिने :**

तोकिएको रकम सम्मको परियोजना लागत भएका परियोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथमिकता दिई ती संस्थाबाट कार्यान्वयन गर्न सकिनेछ ।

**५८. संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली परियोजना कार्यान्वयन गर्न सक्ने :**

संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तर्गतको सार्वजनिक-निजी साझेदारी परियोजना कार्यान्वयन गर्न सकिनेछ ।

**५९. निर्देशन दिन सक्ने :**

इकाईले सम्झौतामा उल्लेखित शर्तहरुको अधीनमा रही परियोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सकिनेछ ।

**६०. लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने :**

(१) इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई नेपालगञ्ज उपमहानगरपालिकाको स्वामित्वमा रहेको संस्थाको स्वामीत्त्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**६१. <u>स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने</u> :**

अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुक भित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**६२. <u>अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने</u> :**

प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**६३. <u>सार्वजनिक-निजी साझेदारी नमानिने अवस्था</u> :**

यस ऐनका प्रयोजनका लागि परियोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी क्षेत्र दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिक-निजी साझेदारी प्रबन्ध मानिने छैन ।

**६४. <u>नियम बनाउने अधिकार</u> :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**६५. <u>कार्यविधि तथा निर्देशिका बनाउन सक्ने</u> :**

कार्यपालिकाले यस ऐन कार्यान्वयन गर्न आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**प्रमाणीकरण मिति : २०८२ पौष ५ गते**

**मूल्य रु. १५/-**

**आज्ञाले,**

**मानबहादुर बम**

**प्रमुख प्रशासकीय अधिकृत**